# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, असोज १५ गते, २०७७ साल (सङ्ख्या १३


## भाग २

प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

### प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७७

प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम २ मा संशोधन</u>:** प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ङ) मा रहेका "प्रदेश नम्बर ३" भन्ने शब्दहरू र अंकको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरू राखिएका छन्।

३. **<u>मूल नियमावलीको नियम ३ मा संशोधन</u>:** मूल नियमावलीको नियम ३ को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

४. **<u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>:** मूल नियमावलीको नियम ७ को उपनियम (१) को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

५. **<u>मूल नियमावलीको नियम ८ को उपनियम (१) मा संशोधन</u>:** मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) को खण्ड (घ) मा रहेको "जिर्णोद्धार" भन्ने शव्द पछि ", सम्पदा संरक्षण" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (४) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) प्रदेश सभा सदस्यको विगतका वर्षमा मागमा आधारित र यस नियमावली बमोजिमका कार्यक्रम अधुरा भए प्राथमिकता दिई सम्पन्न गर्नु पर्ने आयोजना,"

६. **<u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>:** मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (१) मा रहेका "कार्तिक मसान्त" भन्ने शब्दहरूको सट्टा "असोज मसान्त" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "मंसिर १५" भन्ने शब्द र अंकको सट्टा "कार्तिक मसान्त" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) यस नियमावली बमोजिम आयोजना छनोट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकमबाट एक आयोजना न्यूनतम दश लाख रूपैयाँ लागतमा नघट्ने गरी बढीमा बीस आयोजनाहरू छनौट गर्न सकिने छ।"

(४) उपनियम (६) मा रहेको,-

(क) "माघ" भन्ने शब्दको सट्टा "पुस" भन्ने शब्द राखिएको छ।

(ख) "फागुन" भन्ने शब्दको सट्टा "माघ" भन्ने शब्द राखिएको छ।

७. **<u>मूल नियमावलीको नियम १० मा संशोधन</u>:** मूल नियमावलीको नियम १० को उपनियम (२) मा "आयोजनामा" भन्ने शब्द पछी "जनसहभागिताको निश्चित अंश समावेश गरी" भन्ने शब्दहरू थपिएका छन्।

८. **मूल नियमावलीको नियम ११ मा संशोधनः** मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (३) मा रहेका "वा सो" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (४) मा रहेका "भन्दा कम" भन्ने शब्दहरूको सट्टा "सम्म" भन्ने शब्द राखिएको छ।

९. **मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको उपनियम (१) मा "वित्तीय हस्तान्तरणको माध्यमबाट" भन्ने शब्दहरूको सट्टा "प्रदेश मन्त्रिपरिषदको निर्णयानुसार" भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**
**संजीव वराल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-